कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय,
विराटनगर

TRAIL-BASED TOURISM
Development Project

NTB
Nepal Tourism Board
photonepal.org



# KOSHI TRAILS PHOTO COMPETITION

**Submit your best shots from:**

- Mundum Trail
- Phalgunanda Trail
- Laliguras Trail
- Chiyabari Trail

**Open to all photographers**

**Extended Deadline:** May 31st, 2026 | 5:00 PM

Submit your Photos + CV to **ttdp.np@helvetas.org**

Scan for Terms of Reference & Guidelines

**CASH REWARD ON EACH TRAIL:**

1st Prize **Rs.70,000**
2nd Prize **Rs.40,000**
3rd Prize **Rs.20,000**

कोशी प्रदेश
पर्यटन वर्ष २०८२

# कोशी प्रदेशका चार पदमार्ग (मुन्दुम, लालीगुराँस, चियाबारी र फाल्गुनन्द) सम्बन्धी फोटो प्रतियोगिताको कार्यशर्त

## १. पृष्ठभूमि

पदमार्गमा आधारित पर्यटन विकास परियोजना (TTDP), नेपाल सरकार र स्विट्जरल्याण्ड सरकारको साझा प्रयास हो। यो परियोजना हेल्भेटास नेपालको प्राविधिक सहयोगका साथ कोशी प्रदेशका मध्य–पहाडी क्षेत्रका २९ वटा स्थानीय तहहरूद्वारा कार्यान्वयन भइरहेको छ। "कोशी प्रदेशका बासिन्दाहरूले नवीन र दिगो पर्यटकीय सेवाहरूमार्फत आफ्नो आम्दानी वृद्धि गर्ने र संस्कृतिको संरक्षणमा योगदान पुर्‍याउने" भन्ने लक्ष्यका साथ अघि बढिरहेको यस परियोजनाले निम्न दुई किसिमका प्रतिफलहरूमार्फत सामाजिक-आर्थिक स्तरमा सकारात्मक प्रभाव पार्दै आफ्नो समग्र लक्ष्य हासिल गर्ने उद्देश्य राखेको छ:

**प्रतिफल १:** कोशी प्रदेशमा सांस्कृतिक रूपमा विविधतायुक्त र वातावरण अनुकूल पदमार्गमा आधारित पर्यटकीय गन्तव्यहरू विकास गर्न प्रदेश सरकारले स्थानीय तह र नेपाल सरकारसँग सहकार्य गरिरहेको छ।

**प्रतिफल २:** समुदायका सदस्यहरू, लघु-उद्यमीहरू र साना उद्योगहरू सांस्कृतिक रूपमा विविधतायुक्त र वातावरणअनुकूल पदमार्गमा आधारित पर्यटनमा संलग्न हुनेछन्।

करिब ४०० किलोमिटर लामा चार पदमार्गहरू (मुन्धुम, चियाबारी, फाल्गुनन्द र लालीगुराँस) लक्षित यस परियोजनाका मुख्य चार अवयवहरू रहेका छन्। **पहिलो,** राष्ट्रिय मापदण्ड बमोजिम पदमार्गहरूको निर्माण तथा मर्मतसम्भार गर्ने। **दोस्रो,** पर्यटकीय गन्तव्यहरूको ब्रान्डिङ र प्रवर्द्धन गर्ने। **तेस्रो,** आतिथ्य, सत्कार र स्वच्छतामा स्तरीकरण हासिल गर्नका लागि क्षमता अभिवृद्धि गर्ने। **चौथो,** स्थानीय संस्कृति र खानपानको प्रवर्द्धनका लागि नीतिगत सुधार, प्रोत्साहन तथा साहसिक पर्यटन र पर्यटकीय उपजहरूमा निजी क्षेत्रको लगानी आकर्षित गर्ने जस्ता महत्त्वपूर्ण विषयहरू यसमा समेटिएका छन्।

पदमार्गमा आधारित पर्यटकीय गन्तव्यहरूलाई विश्वस्तरको आकर्षक शैलीमा ब्रान्डिङ तथा प्रवर्द्धन गर्ने उद्देश्यका साथ, यस परियोजनाले व्यावसायिक तथा इच्छुक फोटोग्राफरहरूलाई आफ्ना उत्कृष्ट तस्बिरहरू पेश गर्न आह्वान गर्दछ। कोशी प्रदेशका चार पदमार्गहरू (मुन्धुम, लालीगुराँस, चियाबारी र फाल्गुनन्द) तथा त्यस वरपरका प्राकृतिक एवं सांस्कृतिक विविधता र मानवीय अनुभवहरूलाई झल्काउने तस्बिरहरू यस प्रतियोगिताको मुख्य प्राथमिकतामा रहेका छन्।

## २. फोटो प्रतियोगिताको उद्देश्य र कार्यक्षेत्र

यस प्रतियोगिताको समग्र उद्देश्य माथि उल्लेखित चारवटै पदमार्ग र ती पदमार्गमा आधारित पर्यटकीय गन्तव्यहरूका तल उल्लेख गरिएका चारवटा विधाहरूमा मनमोहक तस्बिरहरू सङ्कलन गर्नु हो। यी तस्बिरहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रभावकारी प्रवर्द्धन, ब्रान्डिङ, विज्ञापन सामग्री (कोल्याटरल्स), डिजिटल क्याम्पेनहरू, बजार

प्रवर्द्धन सम्बन्धी प्रकाशनहरू र प्रदर्शनीका लागि उपयोग गरिनेछ। फोटोग्राफरहरूलाई कुनै एक वा सबै चारवटै पदमार्गका आफ्ना उत्कृष्ट तस्बिरहरू पेश गर्न आह्वान गरिन्छ।

फोटोग्राफरहरूलाई तल उल्लेख गरिएका चारवटा तोकिएका पदमार्गहरू र ती पदमार्गका आसपासका क्षेत्रहरू (पदमार्गको दायाँ र बायाँ दुवैतर्फ ३ घण्टाको पैदल दूरीभित्र) खिचिएका आफ्ना उत्कृष्ट तस्बिरहरू पेश गर्न आह्वान गरिन्छ।

| मुन्दुम पदमार्ग | लालिगुराँस पदमार्ग | फाल्गुनन्द पदमार्ग | चियाबारी पदमार्ग |
|---|---|---|---|
| कोशी टप्पु- मैना मैनी- संखमचुली-हतुवागढी-आमचोक थामडाँडा-तावाभञ्ज्याङ-टेम्केडाँडा-चखेवा-दलसिङ्गे-धोत्रे-जलजले-हांसपोखरी-मैयुङडाँडा-ह्याकुले रावाधाप-साल्पापोखरी-सिलिचुङपिक / | चो? लुङ पार्क – रातोपाटी – पाचँ पोखरी - रातपोखरी - तिनजुरे दादा (रोडोडेन्ड्रोनको राजधानीका लागि प्रख्यात) – धनपोखरी - रक्तेपाटी – गुफापोखरी - मिल्के डाँडा - खोपिङ पोखरी - मङ्सिमा (गुरुङ गाउँ) - हिरक पार्क - बलुथान गुम्बा - मनकामना मन्दिर - सूर्योदय पार्क /<br>चौकी बजार – सी मिनाक्षी पाथीभरा मन्दिर – सूर्योदय पार्क - हलिमेला बजार – मझौ गुफा – सिक्रे पाथीभारा मन्दिर – ह्यत्रुङ्ग झरना / | फिदिम-लब्रेकुटी-सिलौटी-पौवाभञ्ज्याङ-सुकेपोखरी-पाटेनागी-बिखे-छिनटापु-आहाल-सन्दकपुर डाँडा / साहयक पदमार्ग का प्रमुख स्थानहरु माइपोखरी - टप्पु -खाप्परे डाँडा-छिनटापु खण्ड र आहाल - चारराते खण्ड / | कन्याम चियाबारी पदमार्ग – सिसाको झोलुङ्गे पुल – सूर्योदय एडभेन्चर – विपश्यना ध्यान केन्द्र – कजेनी गुम्बा (लेप्चा गुम्बा) – अन्तु पोखरी – श्रीअन्तु भ्यू टावर / |

**तस्बिरका विधाहरू**

प्रतियोगिताका लागि पठाइने तस्बिरहरूले निम्न विषयहरूलाई समेट्नु पर्नेछ:

१. **प्राकृतिक आकर्षण:** भू-दृश्य, हिमाल, जैविक विविधता, वनस्पति र वन्यजन्तु आदिको अनुपम प्राकृतिक सुन्दरता।

२. **सांस्कृतिक पहिचान:** जीवन्त स्थानीय संस्कृति, परम्परा, चालचलन, चाडपर्व, जात्रा र स्थानीय वास्तुकला।

३. **मानवीय सम्बन्ध र पदयात्रा अनुभव:** पदमार्गको आनन्द लिइरहेका यात्री र साहसी पर्यटकहरूको यात्रा, परम्परागत जीवनशैली, जीवन्त क्षण र सामुदायिक संलग्नता।

४. **खुल्ला वा सिर्जनात्मक विधा:** फोटोग्राफरको आफ्नै कलात्मक दृष्टिकोण जस्तै गन्तव्यसम्मको पहुँच र पूर्वाधार, पदमार्ग क्षेत्रका अनुपम आकर्षण तथा गतिविधिहरू।

**तस्बिर छनोट प्रक्रिया**

- उत्कृष्ट र प्रदर्शनीका लागि योग्य तस्बिरहरूको छनोट निर्णायक मण्डलले आफ्नै मापदण्डका आधारमा गर्नेछ। यसमा सिर्जनशीलता (मौलिकता र कलात्मक अभिव्यक्ति), प्राविधिक गुणस्तर (स्पष्टता, संयोजन र प्रकाशको प्रयोग), सान्दर्भिकता (विधाको मुख्य विषयवस्तु झल्किने) र कथा (तस्बिरले व्यक्त गर्ने भावना वा सन्देश) लाई आधार मानिनेछ।

- प्रतियोगिताको दौरान कुनै पनि विवाद उत्पन्न भएमा आयोजक समितिको निर्णय नै अन्तिम हुनेछ।

**पुरस्कार तथा सम्मान**

- विजेताहरूको छनोट मौलिकता, सुन्दरता, तस्विरले अभिव्यक्त गर्ने कथाको प्रभाव र प्राविधिक गुणस्तरका आधारमा गरिनेछ।

- प्रत्येक पदमार्गका चार विधाहरू अन्तर्गत उत्कृष्ट तीनवटा तस्बिरहरूलाई नगद पुरस्कार प्रदान गरिनेछ, जसमा प्रथम स्थानका लागि ७०,००० रुपैयाँ, द्वितीयका लागि ४०,००० रुपैयाँ र तृतीयका लागि २०,००० रुपैयाँ रहेको छ। साथै, चौथो स्थानका लागि सान्त्वना पुरस्कारको व्यवस्था गरिनेछ।

- छानिएका तस्बिरहरूलाई तस्बिर खिच्ने व्यक्तिको नाम (फोटो क्रेडिट) सहित आधिकारिक प्रकाशन, प्रदर्शनी, ब्रोसर, वेबसाइट र बोर्डिङ पासहरूमा फिचर गर्न सकिनेछ।

**सहभागिताको योग्यता**

- यो प्रतियोगिता व्यावसायिक फोटोग्राफर, फोटोग्राफीका विद्यार्थी, स्वतन्त्र फोटोग्राफर (फ्रिलान्सर) र पर्यटक लगायत सबै राष्ट्रियताका सहभागीहरूका लागि खुला छ, तर उनीहरूले तल उल्लेखित निर्देशिकाहरू पालना गर्नुपर्नेछ।

  *द्रष्टव्य: कक्षा १० सम्मका विद्यार्थीहरू यस प्रतियोगितामा सहभागी हुन पाउने छैनन्।*

- प्रत्येक सहभागीले **१ देखि १६ वटासम्म** तस्बिरहरू बुझाउन सक्नेछन्। यी तस्बिरहरू तोकिएका चारवटा पदमार्गका कुनै पनि विधा अन्तर्गत समावेश गर्न सकिनेछ।

## ३. तस्बिर बुझाउने निर्देशिका र प्राविधिक मापदण्ड

- तस्बिरको आकार (डाइमेन्सन) चौडा भागतर्फ कम्तीमा २००० पिक्सेल, ३०० DPI र फाइलको साइज न्यूनतम ३०० KB हुनुपर्नेछ तथा तस्बिर JPG/JPEG फर्म्याटमा हुनुपर्नेछ।

- तस्बिरहरू क्यामेरा, मोबाइल र ड्रोन – जुन उपकरणबाट खिचिएका भए पनि हुन्छ।

- आर्टिफिसियल इन्टेलिजेन्स (AI) बाट सिर्जना गरिएका र सञ्चारमाध्यमबाट लिइएका 'स्क्रिनशट' तस्बिरहरू मान्य हुने छैनन्।

- पेटेन्ट अधिकार (स्वामित्व) भएका, कुनै लोगो वा पहिचान चिन्ह रहेका र छिमेकी राष्ट्रका सीमा क्षेत्र देखिने तस्बिरहरू स्वीकार गरिने छैन।

- पेश गरिएका तस्बिरहरू यसअघि कुनै पनि प्रयोजनका लागि प्रयोग भएका हुनुहुँदैन।

- प्रत्येक तस्बिरका लागि संक्षिप्त क्याप्सन (शीर्षक) र फोटो खिचिएको स्थान खुलाउनुपर्नेछ (बढीमा २५ शब्द)।

- मुद्रण सामग्रीका लागि सहभागीले उच्च गुणस्तरको (हाइ-रिजोल्युसन) तस्बिर उपलब्ध गराउनुपर्नेछ (आवश्यक परेमा प्रदर्शनीका लागि ठुलो आकारको तस्बिर समेत उपलब्ध गराउनुपर्ने हुन सक्छ)।

- तस्बिरको मूल विषयवस्तु वा सामग्रीमा कुनै परिवर्तन गरिएको हुनु हुँदैन। यस क्षेत्रमा प्रचलित मापदण्ड अनुसार सामान्य 'रिटचिङ' (परिमार्जन) मात्र गर्न पाइनेछ। यस सम्बन्धी मापदण्डको अन्तिम निर्णय निर्णायक मण्डलले गर्नेछ र आवश्यकता अनुसार क्यामेराबाट खिचिएको वास्तविक फाइल वा नेगेटिभको स्क्यान प्रति माग गर्न सक्नेछ।

- 'हाई डायनामिक रेन्ज' (HDR) प्रयोग गरिएका र पानीछाप (वाटरमार्क) राखिएका तस्बिरहरू स्वीकार गरिने छैन।

- 'प्यानारामिक' दृश्यका लागि धेरै तस्बिरहरू जोडेर (स्टिचिङ गरेर) बनाइएका तस्बिर मान्य हुनेछ, तर विवरणमा सो कुरा खुलाउनुपर्नेछ।

- सबै तस्बिरहरू गुगल ड्राइभबाट डाउनलोड गर्न मिल्ने डिजिटल फाइलका रूपमा हुनुपर्नेछ। अन्य ढाँचामा खिचिएका तस्बिरहरूलाई स्क्यान गरी डिजिटल स्वरूपमा नै बुझाउनुपर्नेछ।

**४. प्रयोगको अधिकार हस्तान्तरण (Grant of Using Rights)**

विजेता फोटोग्राफरहरूले पदमार्गमा आधारित पर्यटन विकास परियोजना (TTDP) लाई निम्न अधिकारहरू प्रदान गर्नुपर्नेछ:

- प्रतिलिपि अधिकारको सम्पूर्ण अवधिसम्मका लागि विश्वव्यापी गैर-विशिष्ट (non-exclusive) अधिकार। यस अन्तर्गत तस्बिरलाई कुनै पनि भाषामा र भविष्यका सबै संस्करण वा परिमार्जनहरूमा, मुद्रित तथा विद्युतीय स्वरूपमा, पूर्ण वा आंशिक रूपमा पुन: उत्पादन, वितरण, सार्वजनिक प्रदर्शन, अनुवाद, अनुकूलन, प्रकाशन, प्रसारण र सर्वसाधारणमा सम्प्रेषण गर्ने अधिकार पर्दछ। साथै, अन्य प्रकाशक वा सह-प्रकाशकहरूलाई यी मध्ये कुनै वा सबै अधिकारहरू प्रयोग गर्न अनुमति दिने अधिकार समेत यसमा समावेश छ।

- तस्बिरको पूर्ण वा आंशिक भागलाई बहुभाषिक 'ओपन एक्सेस रिपोजिटरी' मा विद्युतीय स्वरूपमा राख्ने विश्वव्यापी अपरिवर्तनीय अधिकार। यसले निर्दिष्ट सीमाभित्र रहेर कानुनी प्रयोजनका लागि तस्बिरको पहुँच, प्रतिलिपि, प्रयोग, वितरण र अनुकूलन गर्ने अधिकार प्रदान गर्दछ।

- प्राप्त तस्बिरहरूका आधारमा अन्य सहायक वा व्युत्पन्न कार्यहरू (Derivative works) सिर्जना गर्ने विश्वव्यापी अपरिवर्तनीय अधिकार।

## ५. आवेदन प्रक्रिया र समयसीमा

- आफ्ना तस्बिरहरू र वैयक्तिक विवरण (CV) गुगल ड्राइभ लिङ्कमार्फत **ttdp.np@helvetas.org** मा इमेल गर्नुहोस्। इमेलको 'Subject Line' मा **"Photo Competition Submission"** लेख्नुपर्नेछ।

- आवेदनमा सहभागीको नाम, सम्पर्क ठेगाना र संक्षिप्त परिचय (Profile/CV) का साथै प्रत्येक तस्बिरको छोटो विवरण (स्थान, कथा आदि) समावेश गर्नुपर्नेछ।

- थप गरिएको आवेदन दिने अन्तिम मिति: सबै प्रविष्टिहरू २०२६ मे ३१ **(२०८३ जेठ १७)** सम्ममा पठाइसक्नुपर्नेछ।


--------------------------------------------------------------------------------------

The Project Management and Implementation Support Consultant (PMISC)
Trail-based Tourism Development Project, TTDP / Helvetas Nepal
Ministry of Tourism, Forest and Environment
Godhuli Marga, F7GJ+P9G, Biratnagar Metropolitan City – 3
Morang, Koshi Province
Email: ttdp.np@helvetas.org